बरेङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हुग्दिशिर, बागलुङ

गण्डकी प्रदेश, नेपाल

२०७३

पत्र संख्या : २०८०/०८१

चलानी नं. :

मिति : २०८०।१०।२८

## न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने सम्बन्धी सूचना !

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी(दोस्रो संशोधन) नियमावली, २०७७ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा १८(१) बमोजिम आगामी आ.व. २०८१-०८२ मा न्यूनतम रोजगारीमा संलग्न हुन इच्छुक बेरोजगार व्यक्तिहरूले आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरूसहित मिति २०८० फाल्गुण १ गते देखि ३० गतेभित्र तोकिएको ढाँचामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट https://pmep.gov.np/ बाट वा वडा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ । थप जानकारीका लागि रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नु हुन समेत अनुरोध छ ।

<u>तपसिल:</u>

१.नेपाल सरकारले तोकेको न्यूनतम पारिवारिक वार्षिक आय भन्दा कम आम्दानी रहेका,
२.कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा संलग्न भै कार्य गर्न इच्छुक परिवारका व्यक्तिहरू,
३.परिवारका सम्पूर्ण सदस्यको पारिवारिक तथा नागरिकताको विवरण(जन्म मिति, नागरिकता नम्बर, जारी मिति, शैक्षिक योग्यता, रोजगारीको अवस्था),
४.निवेदनसाथ नागरिकताको प्रतिलिपि र सम्बन्धित व्यक्तिको फोटो १ प्रति,
५.आवश्यकतानुसार विवाह दर्ता वा बसाईंसराइ दर्ता प्रमाणपत्रको प्रतिलिपि
६ बेरोजगार व्यक्ति १८ वर्ष उमेर पूरा भई ५९ वर्ष उमेर ननाघेको,
७.सम्बन्धित व्यक्ति वा परिवारको सम्पर्क नम्बर (अनिवार्य),
८.वैङ्क खाताको विवरण ।

२०८०।१०।२८

जित बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

नोटः गत वर्ष निवेदन दिएका तर काम नपाएका, चालु आ.व.मा काम गरेका व्यक्तिहरूले पनि न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिनुपर्नेछ ।